# धुर्कोट गाउँपालिका

## गुल्मी जिल्लानेपाल ,लुम्बिनी प्रदेश ,

# धुर्कोट राजपत्र


| | | |
|---|---|---|
| खण्ड : ७ | भाग : २ | मिति : २०८०/०२/२५ |

**धुर्कोट गाउँपालिका महिला स्वास्थ्य स्वयंसेविका कल्याणकारी कोष कार्यविधि २०८०**

धुर्कोट गाउँपालिका

मिति : २०८०।०२।२४

# महिला स्वास्थ्य स्वयम सेबिका कल्याणकारी कोष सम्बन्धी ब्यवस्था

**प्रस्तावना :**

संविधान प्रद्धत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना जारी भएको राष्ट्रिय स्वास्थ्य निति,२०७६ को बुदा न. ६.६.६ मा स्वर्यसेवाको अवधाराणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा ब्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ । यस धुर्कोट गाउँपालिका क्षेत्रमा मातृ मुत्युदर, शिशु मृत्युदर, बाल मृत्यु दरमा कमी , अन्य माहामारी जन्य रोग ,विशेष गरि बालबालिका तथा गर्भवति महिलाको पोषण अवस्थामा आएको सुधार मा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको सक्रिय भूमिकालाई उच्च मूल्या| न गर्दै समुदायमा सचेतना अभिवृद्धि एंव स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि वनाई जारी गरेको छ ।

**.कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः**

**पालिका स्तरीय महिला स्वास्थ्य स्वयंसेविका कल्याणकारी कोष २०८०**

**परिच्छेद - १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ** ः (१) यो कार्यविधिको नाम " महिला स्वास्थ्य स्वयंसेविका -कल्याणकारी कोष ) सम्बधी कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि धुर्कोट गाउँपालिका गाउँकार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ ।

**२. परिभाषा** ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ः

(क) "कार्यविधि" भन्नाले " महिला स्वास्थ्य स्वयंसेविका (कल्याणकारी कोष ) सम्बधी कार्यविधि, २०८० " सम्झनुपर्दछ ।

(ख) "छनौट" भन्नाले पहिलो पटक वा पुनः तोकिएको प्रक्रिया र बिधि पूरा गरि छनौट भएको योग्य व्यक्ति सम्झन् ुपर्दछ ।

(ग) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समुहद्वारा छनौट गरिएको , निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तप्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आभार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

**धुर्कोट गाउँपालिका वाट धुर्कोट गाउँपालिकामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका ६० वर्ष पुगी स्वइच्छिक अबकास हुदा सम्मानजनक बिदाई गरि केहि रकम सहित बिदाई गर्नका लागि देहायको न्यवस्था गरिने छ ।**

क) आ.व.०७९/०८० मा धुर्कोट गाउँपालिका वाट महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई का लागि विनियोजित रकम रु ४,००,०००। ( अक्षरुपी रु चार लाख रुपैया ) धुर्कोट गाउँपालिकाको सञ्चित कोष खातामा राखिने छ र सोहि रकमबाट कोष परिचालन गरिने छ र हरेक वर्ष संचितकोषको रकम हरेक वर्ष गाउँपालिका वाट थप गरिने छ ।

ख) उक्त रकम महिला स्वास्थ्य स्वयं सेबिका बिदाई हुदाको बखत कार्यरत महिला स्वास्थ्य स्वंयसेविका मध्ये जो विदाई हुने हो सो बेलासम्म सञ्चित कोषमा जम्मा भएको रकमबाट कार्यरत महिला स्वास्थ्य स्वंयसेविकालाई भाग गर्दा आउने रकम अर्थात् ७८ भागको १ भाग रकम प्राप्त गर्नेछन् गाउँपालिकाको सिफारिसमा सेवाबाट अबकाश हुदाँ बैक मार्फत प्राप्त गर्नुहुनेछ । सोही रकमबाट नै महिला स्वास्थ्य स्वयंसेविकालाई नगद सहित सम्मानजनक बिदाइ गरिने छ ।

**२) उक्त सुविधा पाउनका लागि महिला स्वास्थ्य स्वयंसेविकाले निम्न प्रकृया पुरा गरेको हुनुपर्ने छ ।**

क) निरन्तर सेवा गरि ६० वर्ष पुरा गरि अनिवार्य अवकासमा रहेको हुनुपर्ने छ ।
ख) विचमा काम छाडेको, वसाईसराई गरेको, बिना कारण सेवामा निश्कृय रहेको , विवादमा परेको, काम नगरि स्वास्थ्य आमा समूहले निस्कासन गरेको अवस्थामा यो सुविधा लिई सेवाबाट हटनुपर्ने छ ।

**३) सम्मानजनक बिदाई लागि चाहिने आवश्यक कागजातहरु ः**

क) महिला स्वास्थ्य स्वयंसेविकाले स्वइच्छाले दिएको राजिनामा ।
ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
ग) बैं खाता न. भएको चेकको फोटोकपी ।
घं) स्वास्थ्य संस्थाको सिफारिस पत्र ।

**४) संचितकोषको परिचालन ः**

धुर्कोट गाउँपालिकाले तोकेका महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट अक्षयकोषको परिचालन धुर्कोट गाउँपालिकामा कार्यरत ७८ जना महिला स्वास्थ्य स्वयंसेविका वाट मुल समिति वनाई परिचालन गरिने छ